भिमाद नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

भिमाद, तनहुँ

(प्रथम पटक सूचना प्रकाशित मिति २०७५/०४/२५

आ.व. २०७५/०७६ को आन्तरिक आयको

ठेक्का सम्बन्धी सिलवन्दी दरभाउ पत्र आह्वानको सूचना !

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा भिमाद नगरपालिका नगर कार्यपालिकाको निर्णय बमोजिम भिमाद नगरपालिका, तनहुँको क्षेत्राधिकारभित्र पर्ने देहायका शिर्षकहरुमा आ.व. २०७५/०७६ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी रितपूर्वकको शिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**स्थानीय निकासी करः-** यस नगरपालिकामा उत्पादन भई वाहिरी स्थानीय तह निकासी हुने कर शुल्क उठाउने कार्य :

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क अग्रिम आयकर र मु.अ.कर बाहेक | फारम दस्तुर | धरौटी रकम | शिलबन्दी दरभाउ पत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| २ आय ०७५/०७६ | ढुंगा गिट्टी बालुवा, हाडखुर, वन पैदावर, कवाडी तथा अन्य सामाग्रीको स्थानीय निकासी कर उठाउने | १२,५०,०००।०० (बाह्र लाख पचास हजार) | १०००।०० (एक हजार) | कबोल अङ्कको ५% | १५ दिन भित्र |

**<u>नगर कार्यपालिकाको बैठकले तोकेको दररेट</u>**

१. ढुंगा,गिटी,बालुवा ,ग्रावेल, रोडा, हाडखुर र कवाडी - प्रति घ.मि रु ४५.२० ।-

२. वन पैदावरमा:

(क) खयर, साल, सिसौ, चाप लगायत मुल्यवान काठ - प्रति क्यु.फिट रु १० ।-

(ख) अन्य (कु काठ) प्रति ट्याक्टर रु ५००।-, प्रति ट्रक रु. १५०० ।-

**शिलबन्दी दरभाउ पत्र सम्बन्धी शर्तहरुः-**

- शिलबन्दी दरभाउ पत्र फारम सुचना प्रशासन भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको आय शाखाबाट खरिद गर्न सकिनेछ र यस कार्यालयबाट खरिद भएको शिलबन्दी दरभाउ पत्र १६ औ दिनको १२:०० सम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका शिलबन्दी दरभाउ पत्रहरु १६ औ दिनको अपरान्ह २:०० वजे यस कार्यालयमा शिलबन्दी दरभाउ पत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउ पत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि शिलबन्दी दरभाउ पत्र खोल्न वाधा पर्ने छैन । शिलबन्दी दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने तथा खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट सोही समयमा उल्लेखित कार्य गरिने छ ।
- जुनसुकै ठेक्काको ठेक्का बन्दोबस्त गर्न कर शुल्क उठाउने दररेटको विवरण शिलबन्दी दरभाउ पत्र फारामका साथ उपलब्ध गराइनेछ ।
- शिलबन्दी दरभाउ पत्र खरिद गर्दा नेपाली नागररिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७३/०७४ को कर चुक्ताको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- यस कार्यालयबाट प्रमाणित भएको शिलबन्दी दरभाउ पत्र फाराम स्वयं वा रितपुर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।
- शिलबन्दी दरभाउ पत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको NIC ASIA बैंक भिमादमा रहेको च.हि. नं A7CA500649524004 धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवुल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

- शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि शिलबन्दी दरभाउ पत्र दाताले स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको NIC ASIA बैंक भिमादमा रहेको च.हि. नं A7CA500649524004 धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम शिलबन्दी दरभाउ पत्र दाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिने छ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% र दोश्रो किस्ता ५०% । पहिलो किस्ता ५०% सम्झौता अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०७४ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५०% रकमको किस्ता सम्झौताको समय भित्र भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा नगरपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनैपनि शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको शिलबन्दी दरभाउ पत्र माथी कुनै कारवाही गरिने छैन ।
- ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम २०७४/०७५ को करचुक्ता पेश गरेपछि फिर्ता दिईने छ ।
- शिलबन्दी दरभाउ पत्र दाताले ढुङ्गा, गिट्टी, वालुवा, हाडखुर, वन पैदावार, कवाडी तथा अन्य सामाग्री निकासी गर्दा उक्त आ.व. को लागी नगर कार्यपालिकाले तोकेको दररेट भन्दा वढी हुने गरी निकासी गर्न पाईने छैन । उक्त दररेट भन्दा वढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडि प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।
- शिलबन्दी दरभाउ पत्र दाताले मासिक रुपमा आफुले निकासी गरेको परिमाणको विवरण अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।
- पेश भएका शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र शिलबन्दी दरभाउ पत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको आय शाखामा, कार्यालय समय भित्र फोन नं. ०६५-५७२४३६ मा सर्म्पक गरी जानकारी लिन सकिने छ ।

..................................

प्रमुख प्रशासकीय अधिकृत